६. शिलबन्दी बोलपत्रसाथ आफूले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लिं. लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३००००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको पक्षमा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बोलकवोल जमानी पत्र (कम्तिमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेबार हुनेछैन, साथै त्यस्तो बोलपत्रहरु अमान्य हुनेछ ।

७. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंकको अतिरिक्त दुर्गापूजा चन्दाको लागि १.५% र आयकर १.५% रकम समेत ठेक्का अंकमा जोडी कायम भएको रकम किस्ताबन्दी गरी ३ (तीन) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता रकम चलनपट्टा लिनु अगाबै, दोश्रो किस्ता रकम पहिलो किस्ता अवधि समाप्त हुनुभन्दा ३० दिन अगावै र तेश्रो किस्ता रकम दोश्रो किस्ता अवधि समाप्त हुनुभन्दा ३० दिन अगावै बुझाउनु पर्नेछ । साथै, ठेक्का रकम एकमुष्ठ बुझाउन चाहेमा ५ (पाँच) प्रतिशत रकम छुट्ट दिईनेछ र तोकिएको समयाअवधिभित्र किस्ता रकम नबुझाएमा प्रचलित नियम कानून अनुसार हुनेछ ।

८. काबु वाहिरको परिस्थितिका कारण ठेक्काको अवधि कम भएमा ठेक्का अंकलाई आधारमानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक्का अंक मानिनेछ ।

९. शिलबन्दी बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

१०. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. तोकिएको समयावधिभित्र चलनपट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिनेछ ।

१२. नदीजन्य पदार्थको उत्खनन् तथा संकलनको परिमाणको सन्दर्भमा नगरकार्यपालिकाबाट जारी भएका कानून, प्रदेश कानून वा मापडण्द वमोजिम हुनेछ । साथै, नगरकार्यपालिकाबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिबेदन, २०७९ यस बोलपत्रको अभिन्न अङ्ग मानिनेछ ।

१३. बोलपत्र सम्बन्धी थप केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner